# बैठक नं. ८६

आज मिति २०७७ पुष २७ गते सोमबार दिनको ४:०० बजे यस कीर्तिपुर नगरपालिकाका नगर प्रमुख श्री रमेश महर्जनज्युको अध्यक्षतामा, नगर कार्यपालिकाको बैठक, वडा नं. १० स्थित नगरपालिकाको सभाकक्षमा देहाय बमोजिमको उपस्थितिमा बसी निम्न बमोजिमका निर्णयहरु गरियो।

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष, प्रमुख | श्री रमेश महर्जन | |
| २ | सदस्य, उपप्रमुख | श्री सरस्वती रिजाल (खड्का) | |
| ३ | सचिव | श्री सीता परियार | |
| ४ | सदस्य, अध्यक्ष वडा न. १ | श्री हर्ष महर्जन | |
| ५ | सदस्य, अध्यक्ष वडा न. २ | श्री रमेशमान डंगोल | |
| ६ | सदस्य, अध्यक्ष वडा न. ३ | श्री राजेन्द्र महर्जन | |
| ७ | सदस्य, अध्यक्ष वडा न. ४ | श्री राजेन्द्र बानियाँ | |
| ८ | सदस्य, अध्यक्ष वडा न. ५ | श्री राजेन्द्र कुमार महर्जन | |
| ९ | सदस्य, अध्यक्ष वडा न. ६ | श्री न्हुच्छे बहादुर महर्जन | |
| १० | सदस्य, अध्यक्ष वडा न. ७ | श्री राजकुमार माली | |
| ११ | सदस्य, अध्यक्ष वडा न. ८ | श्री विनोद महर्जन | |
| १२ | सदस्य, अध्यक्ष वडा न. ९ | श्री गंगाराम महर्जन | |
| १३ | सदस्य, अध्यक्ष वडा न. १० | श्री अमन महर्जन | |
| १४ | सदस्य | श्री नन्ददेवी महर्जन | |
| १५ | सदस्य | श्री राजु मिजार | |
| १६ | सदस्य | श्री राजेन्द्र तोलाङ्गे | |
| १७ | सदस्य | श्री सरस्वती परियार | |
| १८ | सदस्य | श्री सानु मिजार | |
| १९ | सदस्य | श्री सुनीता नकर्मी | |
| २० | सदस्य | श्री सुमन पोखरेल | |
| २१ | सदस्य | श्री संगिता श्रेष्ठ (उप्रेती) | |
| २२ | आमन्त्रित, लेखा अधिकृत | श्री मित्र प्रसाद घिमिरे | |
| २३ | आमन्त्रित, सचिवालय | श्री संजिता लामा | |

निर्णय नं.१

नेपाल सरकार, राष्ट्रिय योजना आयोगको मिति २०७७/०८/३० गतेको प्रकाशित सूचना अनुसार स्थानीय तहहरुबाट आगामि आ.व. २०७८/०७९ मा कार्यान्वयन हुने आयोजना/ कार्यक्रमहरुको लागि समपूरक तथा विशेष अनुदान माग गर्नु भनि आएको हुदाँ तपशिल बमोजिमका आयोजना/कार्यक्रमका लागि अनुदान माग गर्ने निर्णय गरियो ।

तपशिलः

| क्र.स | योजनाको विवरण | लागत (अनुमान) | स्थानीय तहले व्यहोर्ने रकम (५०%) | लाभान्वित संभाव्य जनसंख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | टयाङ्ला चोक- अजिमाख्यः -अमृतनगर —मैत्रीनगर- नेपाल भाषा एकेडेमी- बल्खु खोला सडक सुधार योजना | ४,१५,०१,६५८।७३ | २,०७,५०,८२९।३७ | १०००० | समपूरक अनुदानको योजना |
| २ | पर्यटन सूचना केन्द्र भवन निर्माण | ५,४८,०४,३३८।४८ | २,७४,०२,१६९।२४ | ८००० | समपूरक अनुदानको योजना |
| ३ | यँचोः — जनसेवा — दहन- भाजंगल सडक सुधार योजना | १०,००,००,०००।- | ५,००,००,०००।- | ८००० | समपूरक अनुदानको योजना |
| ४ | नयाँबजार खेलमैदान (आर सि.सि रिटेनिङ्ग वाल निर्माण) | ५,११,००,१९५।८२ | | १०००० | विशेष अनुदानको योजना |

**<u>निर्णय नं.२</u>**

यस कीर्तिपुर नगरपालिका कार्यालयको संचित कोषको खाता राष्ट्रिय वाणिज्य बैंकको टेकु शाखामा रहेकोमा हाल यस कीर्तिपुर नगरक्षेत्रभित्रै कृषि विकास बैंकको शाखा कार्यालय संचालनमा रहेकाले आगामी आ.व.२०७७/०७८ देखि खाता संचालन गर्न नेपाल राष्ट्र बैंकबाट सहमति प्राप्त भएकोले खाता संचालनको लागि कोष तथा लेखा नियन्त्रण कार्यालयलाई अनुरोध गर्ने साथै नगरपालिकाको नयाँ भवनमा Extension Counter को लागि सहमति प्रदान गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.३</u>**

यस नगरपालिकाद्वारा राजपत्रमा प्रकाशित **<u>"घ वर्ग निर्माण व्यवसायी इजाजतपत्र वितरण सम्बन्धि कार्यविधि, २०७५"</u>** मा केहि संशोधन गर्नुपर्ने भनि राजश्व परामर्श समितिको मिति २०७७ पौष १२ गतेको निर्णयानुसार सिफारिस भई आएको हुदाँ सो उपर छलफल गरी **<u>"घ वर्ग निर्माण व्यवसायी इजाजतपत्र वितरण सम्बन्धि कार्यविधि, २०७५" संशोधन सहित</u>** पारित गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.४</u>**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट कोभिड व्यवस्थापनको लागि स्थापना भएको PCR परिक्षण ल्याबमा कार्यरत कर्मचारीहरुलाई जोखिम सुविधा वापत रू.१५,००,००० ।- (रु. पन्द्र लाख मात्र) प्राप्त भएकोले उक्त रकमबाट पारिश्रमिक वापत सातौं तह बराबर तलब सुविधा प्राप्त हुने गरी २ जना र छैटौं तह बराबर हुने गरी ११ जना र कार्यालय सहयोगीलाई प्रति महिना रू. १३,४५०।— (रु.तेह्र हजार चार सय पचास मात्र) का दरले श्रावण, भाद्र र असोज महिनाको तलब वापत भुक्तानी दिने निर्णय गरियो ।

**<u>निर्णय नं.५</u>**

कीर्तिपुर नगरपालिका वडा नं.६ निवासी श्री राजेन्द्र कुमार के.सीले की.न.पा-६ वडा कार्यालयमा मेरो नाममा दर्ता रहेको काठमाडौं जिल्ला, चोभार २/क कीत्ता नं.८१३ क्षेत्रफल ५-४-३-२ जग्गामा घर निर्माण भएकोमा मिति २०६५ सालमा घर भत्काई सकेकोले भत्कीसकेको घरको कर तिर्नु नपर्ने हुदाँ घर जग्गा कर निर्धारण गरी पाउँ भनी निवेदन दिनु भएकोमा की.न.पा, वडा नं.६ कार्यालयले स्थलगत सर्जमिन मिति २०७७/०८/०२ मा घर भत्काई पाताल भएको भनी सर्जमिन बोलिएको र वडा कार्यालयबाट मिति २०७७/०८/०८ मा प.स. २०७७/०७८ च.नं.६८६ को सर्जमिन मुचुल्का फाईल साथ देखिदा घर भत्की पाताल भएको मितिबाट घर जग्गा कर नलाग्ने भनी राजश्व परामर्श समितिको मिति २०७७ पौष १२ गतेको निर्णयानुसार सिफारिस भई आएको हुदाँ घर भत्की पाताल भएको मितिबाट घरजग्गा कर नलिने निर्णय गरियो ।

,निर्णय नं.६

तरंगिनी फाउण्डेशन, बानेश्वरको मिति २०७७/०९/२९ गतेको च.नं.५०-०७७/०७८ को प्राप्त पत्रानुसार उक्त संस्थाले २०७५ बाट स्थानीय तहका उप-प्रमुखज्यूहरुसँग महिलावादि सहभागितामुलक पद्धतीमा आधारीत कार्यात्मक अनुसन्धान (Feminist Participatory Action Research- FPAR ) गरिरहेको र यस अनुसन्धानसँगै संस्थाले उहाँहरुको क्षमता विकास तथा स्तर उन्नतीका लागि FPAR तालिम संचालन र निरन्तर रुपमा मेन्टोरिङ्ग गरिरहेकोमा उक्त तालिमहरुमा यस नगरपालिकाका उप-प्रमुख समेतको सक्रिय सहभागिता रहेकोले आर्थिक सहयोगको अनुरोध भएको हुदाँ उक्त संस्थालाई यस नगरपालिकाको तर्फबाट रु.५०,०००।— (अक्षरुपी रू पचाँस हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.७

यस नगरपालिका कार्यालयको नक्सा शाखामा मिति २०७७ माघ ११ गते देखि विद्युतीय हस्ताक्षर अनिवार्य रुपमा लागु गर्ने निर्णय गरियो ।

निर्णय नं.८

यस कीर्तिपुर नगरपालिका र काठमाडौं महानगरपालिकाको सिमानामा रहेका दुवै तर्फ जोडिएर रहेका प्लट मिलान गरि पास भएका जग्गाहरुमा घर वनाउन स्वीकृति दिदा उक्त क्षेत्रमा Floor Area Ratio (FAR) महागरपालिका र कीर्तिपुर नगरपालिकाको फरक पर्न गई प्राविधिक कठिनाई भएको र घर बनाउन समेत अप्ठेरो परेकोले, सो क्षेत्रमा Floor Area Ratio (FAR) ४.५ कायम गरि घर संरचना निर्माण अनुमति दिने निर्णय गरियो ।

निर्णय नं.९

यस नगरपालिकाको कार्यालयमा व्यवसाय दर्ता भएका/नभएका र नेपाल भरिकै Nepal Engineering Council ले Certify गरेका Engineer / Architect हरुले नगरेपालिकाले तोकिएको शुल्क तिरी विद्युतीय हस्ताक्षरको प्रयोग गरि नक्सा दर्ता गर्न सक्ने निर्णय गरियो ।

निर्णय नं.१०

यस नगरक्षेत्रका सार्वजनिक जग्गा संरक्षण गर्न साथै भविष्यमा देखा पर्ने प्राकृतिक प्रकोपलाई नियन्त्रण गर्नका लागि नगरपालिकाका विभिन्न क्षेत्रमा रहेका खोला, खोल्सी आदिमा डोजर चलाई ढुङ्गा झिकी ह्युम पाईप बिछ्याई बाटो निर्माण गर्ने कार्यलाई निरुत्साहित गर्ने निर्णय गरियो ।